लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.gov.np

पत्र संख्याः २०८०/८१

## विशेष लक्षित कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१३ गते)

यस केन्द्रको आ.व. २०८०/८१ को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/०८/२७ गते) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८० यस केन्द्रको सूचना पाटी तथा वेबसाइट (akcbanke.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८१५३०२२५/०८१५३००२७, बागवानी विकास अधिकृत श्री राम प्रकाश यादव (९८४५४३४५५७) वा कृषि प्रसार अधिकृत श्री अनिश श्रेष्ठ (९८६८१८३०९९) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८०/८/१३
निमित्त कार्यालय प्रमुख

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | • बाली/बस्तु उत्पादन, प्रसोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्ने<br>• तालिम तथा सचेतना | • लक्षित वर्ग विशेष आर्थिक रुपमा विपन्न मुक्त कमैया/ कम्लहरी, भूमिहीन, मुसहर, चिडिमार, पासी, मंगता, नटुवा, गडरिया, वादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल आदि वर्गलाई प्राथमिकता<br>• लक्षित समुदायमा कम्तिमा २० जना घरधुरी समावेश गरी कार्यक्रम संचालन हुनुपर्ने | बाँके जिल्ला भर | • प्रति परिवार अधिकतम रु. २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउने |

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.gov.np

पत्र संख्याः २०८०/८१

<table>
<tr>
<td>२.</td>
<td>बाली बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (आँप)</td>
<td>• बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग<br>• क्षमता अभिवृद्धि</td>
<td>• कृषक/फर्म/कम्पनि/कृषक समुह/सहकारी सहभागी हुन सक्ने<br>• देहाय बमोजिम मापदण्ड अनुसार क्लस्टर बनाई क्षेत्रफल बिस्तार गर्नुपर्ने
<table>
<tr><td>क्र.स.</td><td>बाली</td><td>क्षेत्रफल (हे.)/क्लस्टर संख्या</td></tr>
<tr><td>१</td><td>आँप</td><td>१० हे. (बढीमा ५ क्लस्टर)</td></tr>
</table>
</td>
<td>बाँके जिल्ला भर</td>
<td>• कार्यालयले बीउ/बिरुवा खरिद गरी शतप्रतिशत सहयोग उपलब्ध गराउने</td>
</tr>
</table>

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन (अनुसूचि २ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि तथा बैंक खाताको चेक ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको तिरो तिरेको रसिद।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. कार्यक्रममा सहभागी हुन तथा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्चः

१. कार्यविधि संसोधन भई आएमा सोहि अनुसार हुनेछ ।
२. प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ ।

शकील अहमद
निमित्त कार्यालय प्रमुख